**प्रेस विज्ञप्ती**

**मर्जरका लागि सम्झौतापत्रमा हस्ताक्षर**

मुलुकको समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीको संबर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न, मुलुकको बैंकिङ्ग तथा वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वको लागि निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हितको संरक्षण गर्न, बैंकको वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमता अभिबृद्धि गरी आधुनिक बैंकिङ्ग सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न सक्ने तुल्याउन, व्यवसाय र शाखा संजाल विस्तार गर्न तथा बैंकको पूँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने उद्धेश्यका साथ राष्ट्रीय स्तरको "ख" वर्गको ओम डेभलपमेन्ट बैंक लिमिटेड "क" वर्गको एनएमबि बैंक लिमिटेडमा गाभिने सम्बन्धी सम्झौतापत्रमा आज मिति २०७६ साल जेठ महिना २ गतेका दिन हस्ताक्षर भएको छ ।

उक्त सम्झौतापत्रमा एनएमबि बैंक लिमिटेडको तर्फबाट संचालक श्री प्रदीपराज पाण्डे र ओम डेभलपमेन्ट बैंक लिमिटेडको तर्फबाट संचालक श्री योगेन्द्रलाल प्रधानले हस्ताक्षर गर्नुभयो ।

हाल एनएमबि बैंकले ११० वटा शाखा तथा ४ एक्सटेन्सन काउन्टर र ओम डेभलपमेन्ट बैंकले ५३ वटा शाखा तथा १ एक्सटेन्सन काउन्टरबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएकोमा मर्जर पश्चात बैंकको १६३ वटा शाखा र ५ वटा एक्सटेन्सन काउन्टरहरुको संजाल हुनेछ । त्यसैगरी, हाल एनएमबि बैंकको १०१ वटा एटिएमहरु र ओम डेभलपमेन्ट बैंकको १९ वटा एटिएमहरु संचालनमा रहेकोमा मर्जर पश्चात १२० वटा एटिएमहरुको संजाल हुनेछ । यसरी शाखा संजालको विस्तार पश्चात ग्राहक वर्गलाई सरल एवं पहुँच योग्य वित्तीय सेवा तथा सुविधा प्रदान गर्ने कार्यमा थप टेवा पुग्ने विश्वास बैंकले लिएको छ ।

मर्जर पश्चात बैंकको कूल पूंजी तथा जगेडा कोषमा बृद्धि भई रु.२० अर्ब ४२ करोड हुनेछ भने निक्षेप र कर्जा क्रमश: रु. १ खर्ब १९ अर्ब र रु. १ खर्ब १३ अर्ब पुग्नेछ ।

मर्जर पश्चात बैंकको नाम यथावतै एनएमबि बैंक लिमिटेड रहने छ । झण्डै २३ बर्षको अनुभव संगालेको यस बैंकले सन् २०१७ र सन् २०१८ मा लगातार दुई पटक बैंक अफ दी ईयर प्राप्त गरेको छ ।

यस एनएमबि बैंकमा Nederlandse Financierings-Maatschappij Voor Ontwikkelings landen N. V. (एफ.एम.ओ.), कर्मचारी संचय कोष लगायतका संस्थाहरुको समेत लगानी रहेको छ । एफ.एम.ओ. निदरलैण्डस् अन्तर्राष्ट्रिय रुपमा राम्रो छवी भएको Standard & Poor's तथा Fitch जस्ता संस्थाहरुले AAA रेटिङ्ग गरेको निदरलैण्ड सरकार समेतको लगानी रहेको अन्तर्राष्ट्रिय बिकास बैंक हो ।

**धन्यवाद ।**